# नेपाल सरकार, मन्त्रिपरिषद्को २०८२ मङ्सिर २ गतेको बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८२ मङ्सिर २९ देखि पुस ४ गतेसम्म कतारको राजधानी दोहामा आयोजना हुने United Nations Convention Against Corruption ( UNCAC) को 11th Session of the Conference of the State Parties (COSP-11) मा सहभागी हुन सचिव श्री गोविन्दबहादुर कार्कीलाई स्वीकृति प्रदान गर्ने। |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०८२ जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने। |
| ३ | अर्थ मन्त्रालय | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका लागि नर्वे सरकारबाट प्राप्त हुने करिब ५ मिलियन अमेरिकी डलर र स्वीट्जरल्याण्ड सरकारबाट प्राप्त हुने करिब २.१ मिलियन अमेरिकी डलर थप अनुदान सहायता स्वीकार गर्ने। |
| ४ | अर्थ मन्त्रालय | नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको पुनर्संरचना गर्न आवश्यक अध्ययन गरी सुझाव पेस गर्न प्रकाशजङ्ग थापा, काठमाडौंको संयोजकत्वमा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको पुनर्संरचना सम्बन्धी सुझाव समिति, २०८२ गठन गर्ने। |
| ५ | अर्थ मन्त्रालय | विश्व बैंकबाट दिगो र समावेशी परियोजनाका लागि प्रस्ताव गरिएको ९५ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण प्राप्त गर्ने सम्बन्धमा नेपाल सरकारको तर्फबाट विश्व बैंकसँग वार्ता गर्न अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा वार्ता टोली गठन गर्ने। |
| ६ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०८२ मङ्सिर ६ गते साउदी अरेबियाको रियादमा आयोजना हुने Eleventh Ministerial Conference of the Least Developed Countries (LDCMC11) मा सहभागी हुन सचिव(उद्योग) श्री कृष्ण बहादुर राउतलाई स्वीकृति प्रदान गर्ने। |
| ७ | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | जल तथा मौसम विज्ञान विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने। |
| ८ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २०८२ मङ्सिर ८ मा भारतको नयाँदिल्ली स्थित राष्ट्रपति भवनमा नवनियुक्त प्रधानन्यायाधीशको शपथ ग्रहण कार्यक्रम र २०८२ मङ्सिर १० मा भारतको नयाँदिल्ली स्थित सर्वोच्च अदालतमा संविधान दिवसको अवसरमा आयोजित कार्यक्रममा सहभागी हुन कानून, न्याय तथा संसदीय मामिला मन्त्री माननीय अनिल कुमार सिन्हालाई स्वीकृति प्रदान गर्ने। |
| ९ | गृह मन्त्रालय | नेपाल विशेष सेवा ऐन, २०४२ लाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने। |
| १० | गृह मन्त्रालय | नेपालमा भिसा नियमित नगरी बसोबास गर्दै आएका ४ जना मलेसियन नागरिकहरूले प्रचलित कानूनअनुसार नेपालबाट प्रस्थान हुने मितिसम्म बुझाउनुपर्ने विलम्ब शुल्क र जरिवाना वापतको सबै दस्तुर मिनाहा गरी नेपालबाट प्रस्थान गराउने। |
| ११ | गृह मन्त्रालय | जापानका लागि नेपालका पूर्वराजदूत डा. मदन कुमार भट्टराईलाई जापान सरकारले प्रदान गर्ने Order of Japan (The Order of the Rising Sun, Gold and Silver Star) तथा काठमाडौंस्थित जापानी दूतावासको पूर्वकर्मचारी श्रीमती रमा सुन्दरी जोशीलाई जापान सरकारले प्रदान गर्ने Order of Japan (The Order of the Sacred Treasure, Gold and Silver Ray) विभूषण ग्रहण गर्न स्वीकृति प्रदान गर्ने। |

| | | |
|---|---|---|
| १२ | गृह मन्त्रालय | सशस्त्र प्रहरी (चौथो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने। |
| १३ | गृह मन्त्रालय | २०८२ भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा घाइते भएका २४२९ जनालाई जनही रू.१५,०००/- तत्काल राहत रकम उपलब्ध गराउने। |
| १४ | गृह मन्त्रालय | माथिल्लो मुस्ताङ क्षेत्रमा विदेशी नागरिकको लागि पदयात्रा अनुमति दस्तुर प्रतिव्यक्ति प्रतिदिन ५० अमेरिकी डलर वा सो बराबरको विदेशी मुद्रा कायम हुनेगरी अध्यागमन नियमावली, २०५१ को अनुसूची १२ मा हेरफेर गर्ने। |
| १५ | गृह मन्त्रालय | सशस्त्र प्रहरी बल, नेपालको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने। |
| १६ | परराष्ट्र मन्त्रालय | २०२५ डिसेम्बर २ देखि ४ सम्म दोहामा आयोजना हुने Forging Ambitious Global Partnership for Sustainable and Resilient Graduation of Least Developed Countries विषयक उच्चस्तरीय बैठकमा सहभागी हुन परराष्ट्र मन्त्रालयका सचिव श्री अमृतबहादुर राईलाई स्वीकृति दिने। |
| १७ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | दार्चुला जिल्ला साविक धाप गा.वि.स. वडा नं. ४ को सार्वजनिक पर्ति जग्गामध्ये १५-१३-३-२ रोपनी जग्गा दार्चुला भन्सार कार्यालयलाई प्रयोग गर्न स्वीकृति दिने। |
| १८ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ईन्धन प्रणालीमा वातावरणमैत्री वा ऊर्जा दक्षतामूलक फेरबदल गरिने सवारी साधनको हकमा तीन वर्षसम्मको लागि ईन्धन प्रणालीमा फेरबदल गर्न छुट दिने। |
| १९ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २०८२ मङ्सिर १५ देखि १७ गतेसम्म दक्षिण कोरियाको सोलमा आयोजना हुने Building a Care Movement-Technical Assistance Facility on Transforming Care Systems in the Context of Demographic Shifts कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव श्री लक्ष्मी कुमारी बस्नेतलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| २० | रक्षा मन्त्रालय | नेपाली सेनाका दुईजना महासेनानीहरूलाई सहायक रथी दर्जामा बढुवा गर्ने। |
| २१ | रक्षा मन्त्रालय | Land Forces Talks (LFT) को छैटौं बैठक २०८२ मङ्सिर ३ देखि ५ गतेसम्म काठमाडौंमा आयोजना गर्न स्वीकृति दिने। |
| २२ | वन तथा वातावरण मन्त्रालय | वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गर्न पूर्वस्वीकृति प्रदान गर्ने। |
| २३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | हाल भईरहेको छनोट प्रक्रियाबाट नेपाल वायुसेवा निगमको महाप्रबन्धक नियुक्ति नभएसम्मका लागि सञ्चालक समिति सदस्य श्री अमृतमान श्रेष्ठलाई महाप्रबन्धकको काम, कर्तब्यसमेत गर्ने गरी कार्यकारी सञ्चालकको रूपमा नियुक्त गर्ने। |
| २४ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | मर्चवारी गाउँपालिका, रुपन्देहीको नाम परिवर्तन गरी मर्चवारीमाई गाउँपालिका र केन्द्र वडा नं. ३ रायपुरबाट परिवर्तन गरी वडा नं. ४ खैरा कायम गर्ने। |
| २५ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | शहीद धर्मभक्त मानव अङ्ग प्रत्यारोपण केन्द्रको कार्यकारी निर्देशक पदमा डा. कल्पना कुमारी श्रेष्ठ, नवलपरासीलाई तोक्ने। |

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार